बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

# सहकारी संघ/संस्थाहरूको एकीकरण सम्बन्धी कार्यविधि, २०८२

(माननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८२/०८/०३)

बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा

# सहकारी संघ/संस्थाहरूको एकीकरण सम्बन्धी कार्यविधि, २०८२

(मा. मन्त्रीस्तरबाट स्वीकृत मिति: २०८२।०८।०३ )

बागमती प्रदेशको नियमन क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई थप सुदृढ गरी सहकारी मार्फत सम्पादन हुने काम कारवाही व्यवस्थित गर्न सहकारीहरू एकीकरण गर्न वान्छनीय भएकोले, प्रदेश सहकारी ऐन, २०७६ को दफा (१२८) र प्रदेश सहकारी नियमावली २०७६ को नियम (३९)ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सहकारी संघ/संस्थाहरूको एकीकरण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट निर्णय भएर स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा: (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. "एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी सहकारी संस्थाबीच भएको सम्झौता जसअनुसार ती संस्थाहरू एक आपसमा मिलेर नयाँ संस्था बनाउने वा विद्यमान एक संस्थामा विलय भई नयाँ संस्था बन्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले बागमती प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्दछ।

ग. "नियमावली" भन्नाले बागमती प्रदेश सहकारी नियमावली, २०७६ लाई सम्झनु पर्दछ।

घ. "मन्त्रालय" भन्नाले बागमती प्रदेशको सहकारी कार्यक्षेत्र हेर्ने सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सम्झनु पर्दछ।

ङ. "नियामक निकाय" सहकारी संस्थाको नियमन क्षेत्राधिकार अनुसार प्रदेश सहकारी रजिष्ट्रार कार्यालय सम्झनुपर्छ।

च. "तालिम केन्द्र" भन्नाले सहकारी तालिम केन्द्र, चितवनलाई सम्झनु पर्दछ।

छ. "रजिष्ट्रार" भन्नाले सहकारी ऐन, २०७६ बमोजिम जिम्मेवारी प्राप्त गरेको अधिकारी वा रजिष्ट्रारबाट अधिकारप्राप्त कर्मचारीलाई सम्झनु पर्दछ।

ज. "संस्था" भन्नाले सहकारी संस्था वा सहकारी संघका साथै विशिष्टिकृत सहकारी संघलाई समेत सम्झनु पर्दछ।

झ. "जम्मा कारोबार" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको वित्तीय विवरणमा अन्तिम आर्थिक वर्षमा देखिएको सम्पूर्ण कारोबारको योगफललाई सम्झनु पर्दछ।

ञ. "संयुक्त साधारण सभा" भन्नाले एकीकरण गरिने सहकारी संस्थाहरूको बहुमत शेयर सदस्यहरू उपस्थित भई गरिने संयुक्त साधारण सभा सम्झनुपर्दछ।

३. उद्देश्य: (१) सहकारी संस्थाहरूलाई एकीकरण गर्ने उद्देश्य देहाय बमोजिम रहेका छन्:

क. संस्थागत रूपमा दिगो विकास र स्थायित्व कायम गर्नु,

ख. बौद्धिक, आर्थिक तथा भौतिक स्रोत साधनमा सम्पन्न र आत्मनिर्भर बनाउनु,



मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

ग. सदस्यहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु,

घ. दोहोरो सदस्यता हटाई सेवाको प्रभावकारिता अभिवृद्धि गर्नु,

ङ. अनुत्पादक व्यवस्थापन खर्च घटाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु,

च. आधुनिक प्रविधिको प्रयोगद्वारा व्यवस्थापनमा सुधार ल्याउनु,

छ. संयुक्त प्रयास मार्फत सबल र सक्षम संस्थाको निर्माण गर्नु,

ज. सहकारी क्षेत्रमा देखिएका कमी कमजोरीहरूलाई सुधार गरी उपलब्ध अवसरको सदुपयोग गर्नु ।

४. एकीकरण गर्न सकिने सहकारी संस्थाहरूः (१) ऐनको दफा ६९ तथा नियमावलीको नियम (२०) र (२१) बमोजिम बागमती प्रदेश भित्रका दुई वा दुईभन्दा बढी संघ/संस्थाहरू एकीकरण गर्दा देहायका शर्त/बन्देजहरू पूरा भएको हुनुपर्नेछः-

क. कार्यक्षेत्र एक अर्कासँग खप्टिएको (दोहोरो) वा जोडिएको हुनुपर्ने,

ख. एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने

ग. फरक विषय वा प्रकृतिका भए तापनि मुलतः एकै विषय (व्यवसाय) मा प्रतिस्पर्धा भएको हुनुपर्ने,

घ. सदस्यहरू दोहोरो परेका संस्थाहरू,

ङ. सदस्यको प्रत्यक्ष सहभागिता एवम् लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने,

च. संचालन लागत घटाएर सदस्यहरूलाई बढी लाभ वितरण गर्न चाहने संस्थाहरू.

छ. दुई वा दुई भन्दा बढी संस्थाहरू एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएमा,

ज. साधारणतया एकीकरणका लागि मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह वा जिल्लाको क्षेत्रभित्र पर्ने हुनुपर्ने,

झ. फरक जिल्ला वा स्थानीय तहमा फैलिएका संस्थाहरू भए पनि कार्यक्षेत्र जोडिएका वा खप्टिएको हुनुपर्ने,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी सम्बन्धित संघीय मन्त्रालयको पूर्व स्वीकृति विना संवत २०४९ साल जेठ २ गतेभन्दा अघि दर्ता भएका साझा सहकारी संस्थालाई अर्को संस्थामा एकीकरण गरिने छैन।

(३) महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ।

(४) विशेष रुपमा पिछडिएको समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशिलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

(५) संघहरूको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नु पर्नेछ।

**मा. बिनु रायमाझी (पौडेल)**
**मन्त्री**

५. पूर्व स्वीकृति लिनु पर्ने: (१) दफा ४ बमोजम योग्य दुई वा दुई भन्दा बढी प्रदेश नियमन भित्रका संघ/संस्था वा प्रदेश भित्रका फरक फरक स्थानीय तहमा रहेका अद्यावधिक संस्थाहरूले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ आफ्नो सञ्चालक समितिबाट प्रस्ताव पारित गरी पूर्व स्वीकृतिको लागि नियामक निकायमा निवेदन पेश गर्नु पर्नेछ। स्थानीय तहको नियमन क्षेत्र भित्र रहेका संस्थाहरूले एकीकरण हुन चाहेमा सम्बन्धित स्थानीय तहबाट पूर्व स्वीकृति र सिफारिस लिई नियामक निकायमा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जायजेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले नियामक निकायको पूर्व सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नियामक निकायले माग बमोजिम संस्थाहरू एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि बढाउन पुर्व स्वीकृति दिन सक्नेछ।

(४) पुर्व स्वीकृति दिनु पुर्व नियामक निकायले एकीकरण हुने संघ/संस्थाहरूको स्थलगत अनुगमन गर्न सक्नेछ।

६. सम्पत्ति र दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था: (१) नियामक निकायबाट पूर्व स्वीकृति लिएपछि एकीकृत हुन चाहने संस्थाहरूले सम्पत्ति, दायित्व तथा कारोबारको पछिल्लो अवस्था मुल्याङ्कन गर्नुपर्ने देखिएमा मूल्याङ्कनकर्ता (valuators) नियुक्ति गरी सम्पत्ति, दायित्व तथा कारोबारको पछिल्लो अवस्थाको मूल्यांकन गराउन सक्नेछ। तर नियामक निकायले अनुगमन गर्दा अनिवार्य रुपमा मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गरी सम्पत्ति, दायित्व तथा कारोबारको हरहिसाब निकाल्नुपर्ने देखिए अनिवार्य रुपमा सहकारी संघ/संस्थाले दर्तावाल मूल्याङ्कनकर्ता वा नियामक निकायले सुचिकृत गरेका संस्थाबाट दायित्व मूल्यांकन गराउनुपर्नेछ।

(२) मुल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरू स्पष्ट राय सहित पेश गर्नुपर्नेछ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछः-

क. कर्जा वर्गीकरण,

ख. कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

ग. प्रचलित कानून तथा नियमनको पालना स्थिति,

घ. तरलता विवरण र संस्थाको चल अचल सम्पत्तिको विवरण,

ङ. जनशक्ति व्यवस्थापन,

च. बचत फिर्ता तथा ऋण असुली र

छ. अन्य आवश्यक विषयहरू।

७. एकीकरणको प्रक्रिया: संस्थाले पूरा गर्नुपर्ने प्रकृयाहरूः

(१) संस्थाहरूले एकीकरण कार्य गर्दा देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछः-

**मा. बिनु रायमाझी (पौडेल)**
मन्त्री

क. एकीकरण हुन चाहने तत् तत् संस्थाको संचालक समितिले एकीकरणको आवश्यकता पहिचान गर्ने तथा एकीकरण गर्नुपर्ने कारण सहितको प्रतिवेदन तयारी गर्ने,

ख. एकीकरण हुने तत् तत् संस्थाहरुले एकीकरणको लागि प्रस्तावित संस्थाको नाम, दर्ता नं, ठेगाना, कार्यक्षेत्र, लगायतका विषयहरूमा साधारण सभाको बहुमतबाट अनुमोदन गराउने र एकीकरण सम्बन्धी कार्य गर्नका लागि तत् तत् संस्थाका सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा निर्णय पारित गर्ने,

ग. साधारण सभाबाट स्वीकृत भई एकीकरण सम्बन्धी कार्य गर्ने अख्तियारी प्राप्त गरेको संचालक समितिले सोहि प्रक्रियाबाट एकीकरणका लागि आउने सहकारी संस्थासंग एकीकरण गर्नका निम्ति प्रदेश सहकारी नियमावली २०७६ को अनुसूची ११ वा यस कार्यविधिको अनुसूचि १ बमोजिमको एकीकरणको शर्त र कार्यविधि निर्माण गर्न कम्तिमा पाँच (५) सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने र उक्त कार्यदलले तयार गरेको एकीकरणको शर्त र कार्यविधि एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको संयुक्त बैठकबाट अनुमोदन गराउने,

घ. एकीकरणमा संलग्न हुने सहकारी संस्थाले आवश्यकता अनुसार सम्बन्धित निकाय र छाता संघबाट राय/सुझाव लिन सक्ने,

ङ. एकीकरणमा जाने सहकारी संस्थाहरूले एकीकरणको लागि संयुक्त साधारण सभाको स्थान, समय मिति सहित पेश गर्ने बिषयमा प्रस्ताव तीस (३०) दिने सूचना राष्ट्रियस्तरको पत्रिका वा उपयुक्त माध्यमबाट प्रकाशन गर्ने साथै सबै सदस्य तथा रजिष्ट्रारलाई समेत सो सूचनाको जानकारी दिनुपर्ने,

च. संयुक्त साधारण सभामा पेश गरि पारित गरिने विषयहरू कार्यविधिको दफा (८) बमोजिम हुनेछ।

८. <u>संयुक्त साधारण सभामा प्रस्तुत गरी पारित गरिने विषयहरुः</u>(१) सहकारी संस्था एकीकरण गर्नका लागि संयुक्त भेलामा देहायका विषयहरू पेश बहुमतबाट निर्णयहरू पारित गर्नु पर्नेछः-

क. प्रदेश सहकारी नियमावली २०७६ को अनुसूची ११ वा यस कार्यविधिको अनुसूचि १ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको तोकिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

ख. एकीकृत हुने संस्थाहरूले अघिल्लो दिनसम्मको वासलातको विवरण साथै अन्तिम बैंक मौज्दात विवरण,

ग. एकीकरण सम्बन्धी कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने बिषय,

घ. आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धी बिषय,

ङ. एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकरण हुने संस्थाबाट कम्तीमा तीन (३) जनाको विवाद समाधान समिति गठन गर्ने बिषय,

च. एकीकृत संघ/संस्थाको सम्पत्ति प्रचलित कानून बमोजिम नामसारी, एकीकरण भएपछिको पुंजी संरचना र स्वामित्व संरचना सम्बन्धी विषय,

छ. एकीकृत संघ/ संस्थाहरूको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, संस्थाको सम्पत्ति दायित्व मूल्यांकन र व्यवस्थापन सम्बन्धी विषय,



**मा. बिनु रायमाझी (पौडेल)**

**मन्त्री**

ज. सदस्यताको क्रमसंख्या, शेयर प्रमाणपत्र लिनेदिने,कर्मचारी व्यवस्थापन (जनशक्ति व्यवस्थापन योजना), कारोबार स्थगन जस्ता विषयहरूमा छुट्टै व्यवस्था गर्नुपर्ने भए सो समेतको निर्णय,

झ. संस्थागत पुनर्सरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरूको मिलान तथा सञ्चालन सम्बन्धी व्यवस्था,

ञ. बचतकर्ताको बचत फिर्ता गर्ने, जिम्मेवारी लिने वा दायित्व लिने तथा सदस्यहरूको हक हितको संरक्षण गर्ने विषय,

ट. नियामक निकायले तोकेका अन्य आवश्यक विषयहरू।

९. <u>एकीकरणमा राखिने शर्त र कार्यविधिका विषयहरू:</u> (१) यस कार्यविधिको दफा ८ (क) बमोजिम पारित गर्न प्रदेश सहकारी नियमावली २०७६ को अनुसूची ११ वा यस कार्यविधिको अनुसूचि १ बमोजिमको ढाँचामा देहायका शर्त तथा कार्यविधिहरू राख्नुपर्नेछ :-

क. कुन कुन संस्था बीच एकीकरण हुने हो सो उल्लेख गर्ने,

ख. एकीकृत संस्थाको नाम राख्दा एकीकृत हुने संस्थाहरू मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सोको उल्लेख गर्ने,

ग. संस्थाको कार्यालय रहने ठेगाना समेत उल्लेख गर्ने,

घ. एकीकृत संस्थाको कार्यक्षेत्र कति रहने हो सो को एकीन गर्ने, कार्यक्षेत्र एकिन गर्दा प्रचलित कानुनमा रहेको व्यवस्थाको अनुसरण गर्ने,

ङ. कुन संस्थाको विनियम, नीति र कार्यविधिहरू स्वीकार गर्ने हो वा नयाँ तर्जुमा वा संशोधन गर्ने हो उल्लेख गर्ने,

च. शेयर पूंजीको रकम विनियममा व्यवस्था भएका कोषहरूमा रहेको रकमहरू एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने बिधि (जस्तै एकीकृत हुने संस्थाहरूको शेयर पुँजीको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन)

छ. एकीकृत हुने संस्थाको सम्पत्ति र दायित्वको व्यवस्थापन सम्बन्धी विषय समावेश गर्ने,

ज. बचत फिर्ता वा शेयर फिर्ता गर्ने विषय, लगानी हिसाब, ऋण लगानी, बचत हिसाब,सदस्य एकीकृत गर्ने बिषय, मा कुन कुन सहकारी संघ/संस्थाको दाहित्व कसले के कसरि फिर्ता गर्ने, जिम्मेवार को हुने, विवाद आए विवाद समाधान गर्ने समितिले के कसरि विवाद समधान गर्ने विषय स्पस्ट उल्लेख गर्ने,

झ. ऋण असुली गर्ने विषय, बैक खाता संचालनको विषय,संस्था संचालन गर्ने प्रक्रिया, लिनुदिनुपर्ने बाँकी ऋण तथा सम्पति, कर्मचारी व्यवस्थापनको विषय, पान.न, दर्ता.न, सेफ बिमा साथै एकीकरण हुने संस्थाको हकमा उल्लेखित उक्त रकम के कसरि ब्यबस्थापन गर्ने, बचत फिर्ता प्राथमिक सहित निर्धारण गर्ने विषय,

ञ. अन्य आवश्यक ऐन/नियमावली तथा कार्यविधि र निदेशनमा तोकिएका विषय।



मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

१०. एकीकरणको लागि निवेदन दिनेः (१) ऐनको दफा ६९ तथा नियमावलीको नियम (२०) र (२१) को प्रक्रिया पुरा गरी एक आपसमा एकीकृत हुने संस्थाहरूले आवश्यक कागजात (अनुसूची-१ र अनुसूची-२) साथै मन्त्रलायले तयार गरेको एकीकरण फारम, अनुसूची-३) र पुर्व स्वीकृतिको पत्र सहितको निवेदन, संयुक्त साधारण सभाको निर्णयको प्रतिलिपि,संस्थाहरूको सक्कलै दर्ता प्रमाणपत्र र अन्य तोकिएका कागजातहरू प्रमाणीकरण गरी सहकारी नियामक निकाय /रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ।

११. नियामक निकाय/सहकारी रजिष्ट्रार कार्यालयको भूमिकाः (१) एकीकरणको लागि निवेदन पेश भए पछि नियामक निकायले देहाय अनुसारको कार्य प्रकृया अपनाउनु पर्नेछः

क. नियामक निकायसँग एकीकरणका लागि पूव स्वीकृती लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

ख. एकीकरण हुने संस्थाहरूको साधारणभाको बहुमबाट नियमानुसार प्रस्ताव पारित भए नभएको हेर्ने,

ग. एकीकृत हुने सहकारी संस्थाले पुर्व सूचना राष्ट्रियस्तरका पत्रिकामा  प्रकाशन गरे नगरेको हेर्ने,

घ. निवेदन प्राप्त भएपछि उल्लेखित विषयमा छानविन गरी कम्तिमा तीस (३०) दिनभित्र निर्णय गर्ने,

ङ. स्थलगत अनुगमन गर्नुपर्ने भए अधिकारी तोकी अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने,

च. सम्पत्ति मूल्याङ्कन गर्नुपर्ने भए दर्तावाल मूल्याङ्कनकर्ताको सूची तयार गराई सम्पत्ति दायित्व मूल्याङ्कन गराउन सहकारी संघ/संस्थालाई पत्राचार गर्ने,

छ. स्थानीय तहका सहकारी संस्थाहरूको हकमा आवश्यक देखिएमा सम्वन्धित स्थानीय तहमा पत्राचार गरी आवश्यक विवरण एवम् सिफारिस माग गर्ने,

ज. एकीकरणका लागि आएका प्रस्तावहरूलाई स्वीकृत गर्नुपूर्व उजुरी /दाबी विरोध केही भए मन्त्रालयमा जानकारी गराउने सम्बन्धमा मन्त्रालय/नियामक निकायको वेवसाईटमा सात (७) दिनको सूचना निकाल्ने, सूचना वमोजिम उजुरी गुनासो नआएमा एकीकरण प्रकृया अगाडी बढाउने,

झ. आवश्यक भए थप कागजात माग्न सक्ने,

ञ. स्वीकृति पाएपछि संस्थाको एकीकृत नाममा दर्ता प्रमाणपत्र/एकीकृत प्रमाणपत्र तोकिए वमोजिमको ढाँचामा जारी गर्ने,

ट. एकीकरण प्रकृया सम्पन्न भएपश्चात दर्ता प्रमाण पत्र र एकीकरण सम्वन्धको पत्र जारी गर्ने,

ठ. संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखि अन्य संस्थाको लगत कटौती गर्ने र सो को जानकारी प्रदेश सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश तथा जिल्ला विषयगत संघ लगायतका सम्बन्धित निकायमा समेत सोको जानकारीको लागि पत्राचार गर्ने,

ड. स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक राजश्व कार्यालयलाई जानकारी गराउने।

१२. एकीकरण सम्वन्धी अन्य व्यवस्थाः (१) संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय वमोजमको सुविधा प्रदान गर्न सकिनेछः-

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौडा, मकवानपुर

क. दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरू एकीकरण गर्न चाहेमा संस्थाहरूले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिने,

ख. एकिकरण भएको संस्थाले आवश्यक परे पुराना कार्यक्षेत्र कायम राख्न सकिने,

ग. एकीकरण गर्दा एकीकरणमा जानु अघिका संस्थाको कार्यालय भएको स्थानमा सेवा केन्द्र खोल्न दिइने,

घ. फरक विषयका संस्थाहरू एकीकरण भएमा त्यस्ता संस्थालाई सो संस्थाले चाहेमा विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिने।

ङ. एकीकरणमा सामेल भएका संस्थाहरू संस्थाको मूल कार्यलयभन्दा टाढा भएमा सदस्यता सेवा केन्द्र खोल्न प्रचलित नियम अनुरुप स्वीकृति दिन सकिने।

१३. एकीकरण पश्चात ध्यान दिनुपर्ने कुराहरुः (१) एकीकरण पश्चात देहाय बमोजमका कुराहरूमा ध्यान दिनु पर्नेछ-

क. एकीकरण पछिको लगत्तै आउने बार्षिक साधारण सभाबाट वा बिशेष साधारण सभाबाट नयाँ संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नुपर्ने र सोको विवरण नियामक निकायमा १५ दिन भित्र पेश गर्नुपर्ने,

ख. कर्मचारीको जिम्मेवारी बाँडफाँड र सञ्चालक तथा लेखा सुपरिवक्षण समितिको जिम्मेवारीको बाँडफाँडमा विशेष ध्यान दिनुपर्ने,

ग. एकीकृत संस्थाको सेवा सुविधामा कटौति होइन अरु उन्नत सेवा सुविधा नियमानुसार प्रदान गर्नुपर्ने,

घ. एकीकरण पछि कायम हुने सहकारी संस्थाको पहिलो बिधिवत साधारण सभा नबसुन्जेल दैनिक कार्य संचालनका लागि गठन भएको तदर्थ समितिले कार्य संचालन गर्नुपर्ने,

ङ. एकीकृत हुने संस्थाहरुले कम्तिमा एक (१) बर्षसम्म एकीकरण पुर्वका संस्थाहरुको नाम एकीकृत पश्चातको संस्थाको आधिकारिक पत्र ढाँचामा सानो अक्षरमा लेख्नुपर्ने,

च. एकीकृत संस्थाले राख्ने सहकारीको बोर्डमा "बागमती प्रदेश नियमन क्षेत्रभित्रको सहकारी संस्था" भन्ने विषय उल्लेख गर्नुपर्ने साथै एकीकरण भएको सूचना आफ्ना सदस्यहरुलाई दिनुपर्ने,

छ. नियामक निकायले जारी गरेको निर्देशन पालना गर्नुपर्ने।

१४. विवाद समाधानः (१) एकीकरण पश्चात उत्पन्न हुने विवाद समाधान गर्न शर्त र कार्यविधिमा उल्लेख भए बमोजिमको तीन सदस्यीय समितिले आवश्यक कार्य गर्नुपर्नेछ। एकीकरण पश्चात विवाद उत्पन्न भएमा विवाद समाधान नहुन्जेल वा उजुरी फर्छ्यौट नभए सम्म एकीकरण भएका संस्थाहरु बिघटन हुने छैनन्।

१५. विविधः

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

क. एकीकरण हुने संस्थाको आम्दानी, खर्च, सम्पत्ति तथा दायित्वको व्यवस्थापन सही ढंगले गर्नुपर्नेछ।

ख. एकीकरणको स्वीकृति पाए पनि तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा नियामक निकायले स्वीकृति खारेज गर्न सक्नेछ।

ग. यस कार्यविधि लागु हुनु अघि पुर्व स्वीकृती लिएका तथा नियामक निकायमा निवेदन दर्ता भएका सहकारी संघ/संस्थाहरूको हकमा पुर्ववत व्यवस्थां अनुरुप नै हुनेछ तर यस कार्यविधिमा उल्लेख भए बमोजिम नियामक निकाय/रजिष्ट्रारले आवश्यक विवरण र कागजातहरु माग गर्न सक्नेछ ।

घ. यस कार्यविधि बमोजिम निवेदनसाथ प्राप्त एकीकरणको प्रस्ताव, नीति वा विनियम वा कार्ययोजनाको कुनै कुरा सहकारी सिद्धान्त मूल्य र मान्यता वा ऐन नियमावली वा प्रदेश कानूनको व्यवस्था विपरीत भएको तथ्य जुनसुकै कारणले पछि खुल्न आएको खण्डमा नियामक निकायले दिएको पूर्व स्वीकृतिकै आधारमा एकीकरणको प्रस्ताव, नीति वा विनियम वा कार्ययोजना स्वीकृत गर्नुपर्ने बाध्यता नियामक निकाय/रजिष्ट्रारलाई पर्ने छैन।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरीबी निवारण मन्त्रालय

अनुसूची- १९

( दफा ९ सँग सम्बन्धित)

(नियमावलीको नियम २१(२)- अनुसूची -११)

## एकीकरणका शर्त तथा कार्यविधिको ढाँचा

सहकारी ऐन, नियम, कार्यविधि तथा संघ संस्थाको विनियममा भएको व्यवस्था अनुसार.................. सहकारी संघ/संस्था लि. .................... र .................. सहकारी संघ/संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र कार्यविधिका अधीनमा रही एकीकरण कार्य सम्पन्न गर्ने साधारण सभाको अख्तियारी बमोजिम संचालक समिति, लेखा सुपरिवेक्षण समिति सहितको कम्तिमा एक तिहाई सदस्य उपस्थित भेलाले गरेको निर्णय कार्यान्वयनका लागि बागमती प्रदेश, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहकारी रजिष्ट्रारको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो।

| क्र.स | विषयहरू | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | ............संघ/संस्था लि. (दर्ता नं.... दर्ता भएको निकाय....) .....संघ/संस्था (दर्ता न.... दर्ता भएको निकाय......) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्था सञ्चालन गर्ने। दुवै संघ/संस्थालाई एकीकृत गरी " .......सहकारी संघ/संस्था लि. ......." कायम गर्ने। | दुवै संघ/संस्थाको साधारणसभाबाट पारित गराई...... नियामक निकायबाट....... एकीकरणको स्वीकृति लिई संस्था "........." को नामबाट सञ्चालन गर्ने। | |
| २ | कार्यालय | दुवै संघ/संस्थाको कार्यालय एउटै बनाउने। | ..........संघ/संस्थाको कार्यालय भवनबाट कार्य सञ्चालन गर्ने। | |
| ३ | कार्यक्षेत्र | दुवै संघ/संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यलाई सेवा प्रदान गर्ने। | एकीकृत हुने संघ/संस्थाको कार्यक्षेत्र ....... ...... उ.म.न.पा./न.पा./गा.पा. भएकोले ..... उ.म.न.पा./न.पा./गा.पा लाई समेत कार्यक्षेत्रका रुपमा स्वीकृति लिई सेवा प्रदान गर्ने। | |
| ४ | विनियम | दुवै संघ/संस्था एकीकृत भएपछि एउटा मात्र संघ/संस्थाको विनियम स्वीकार गरिने। | ........सहकारी संघ/संस्थाको विनियम ........स्वीकार गरी सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने। | |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ५ | शेयर रकम | दुवै संघ/संस्थाको शेयर रकम एकीकृत गर्ने। यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने। | ......को लेखा परीक्षण अनुसारको शेयर रकम जम्मा गरी एउटा संस्थामा समावेश गर्ने।<br>....को शेयर रु....<br>....को शेयर रु.....<br>जम्मा शेयर रु...... | |
| ६ | संघ/संस्थाका कोषहरू | .........र ........कोषको रकम एकीकृत गरी समावेश गर्ने। वितरण गर्न मिल्ने कोषहरू सदस्यहरूलाई वितरण गर्ने र नमिल्ने कोष रु यथावत राखि एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने। | वितरण गर्न मिल्ने कोषहरू सम्बन्धित संघ/संस्थाका सदस्यहरूलाई वितरण गर्न, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरू नियमानुसार उपयोग गर्ने।<br>वितरण गर्न मिल्ने कोषहरूको विवरणः<br>कोषको नामः<br>.....सहकारी संघ/संस्था<br>जम्मा<br>क. शेयर लाभांश<br>ख. संरक्षित पूँजी फिर्ता कोष<br>ग. सहकारी प्रवर्धन कोष<br>जम्माः<br>एकीकृत गरी कोषमा राख्ने कोषहरुः<br>कषको नाम<br>जम्माः<br>क. जगेडा कोष<br>ख. सहकारी शिक्षा<br>ग. घाटा पुर्ति कोष<br>घ. कर्मचारी बोनस कोष<br>ङ. सहुलियत कर्जा लगानी कोष<br>च. अन्य जोखिम व्यवस्थापन कोष<br>जम्माः | |



मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७ | दायित्व | र चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी रहने। | .......... संघ/संस्थाको दायित्व र ......संघ/संस्थाको दायित्व एकीकृत गरी .......बाट फछ्यौट गर्ने। | |
| ८ | लगानी हिसाव | ......र ...... छाता संघहरूमा गर्को लगानी एकीकृत गरी .....को नाममा कायम गर्ने। ..... संघ/संस्थाको लगानी रकम सम्बन्धित छाता संघबाट फिर्ता लिई आम्दानी बाँध्ने। | निम्न लगानी हिसाव एकीकृत गरी .... को नाममा कायम गर्ने। फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई ....नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरूबाट पत्राचार गर्ने। | |
| ९ | ऋण लगानी | ......र .....आफ्नो सदस्यबाट लगानी गरेको ऋण रकम एकीकृत गरी ...मा समावेश गर्ने। | .... र .....एकीकृत भएपछि ...ऋणी सदस्यहरूले ....नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने। यसका लागि........ मसान्तसम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरूको ऋण ..... बाट उपलव्ध गराउने व्यवस्था मिलाउने। | |
| १० | बचत हिसाव | ......र ...... सबै खालका बचतहरू एकीकृत रुपमा समावेश गर्ने। | ...... र ......द्वारा सञ्चालित बचत बचत कार्यक्रमहरू संस्था ...शेयर सदस्यहरूको नममा समावेश गरी राख्ने। | |
| ११ | सदस्यता | ...... र ........दुवै संस्थाका सदस्यहरूलाई एकीकृत संस्थामा समावेश गर्ने। | .......र .........शेयर सदस्यहरूको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने। | |
| १२ | नीतिहरू/आन्तरिक कार्यविधि | संघ/संस्था सञ्चालन नीति लागू गर्ने सन्दर्भमा ...... भएका एकै किसमका नीतिहरू भए ...का नीतिहरू लागू गर्ने र ......नभएका नीतिहरूका सन्दर्भमा भने ....... नीतिहरूलाई नै एकीकृत संघ/संस्थाको नीतिको रुपमा लागू गर्ने। | हाल रहेका निम्न नीतिहरू कायम राखी संघ/संस्था सञ्चालन गर्ने। ............................ ........................................... ........................................... ........................................... ........................... | |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| १३ | बैंक खाता र नगद जिम्मेवारी | ......बैंक कारोबार........ हस्तान्तरण गर्ने, नगद पनि दुवै संघ/संस्थाको एकीकृत गर्ने। | .........बैङ्क र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने। | |
| १४ | संस्था सञ्चालन प्रक्रिया | ........दुवै संस्थाका वर्तमान सञ्चालक, लेखा तथा सल्लाहबमर समिति एवम् उपसमितिहरू मिलाएर निनिगममा व्यवस्था भए बमोजिम बाँकी अवधि .... सम्मका लागि कायम गर्ने। | दुवै संस्थाका संचालकहरुबाट सञ्चालक समिति, लेखा समिति तथा अन्य समिति उपसमिति गठन गर कार्य गर्ने। | |
| १५ | लिनुदिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ/संस्थाको एकीकरण गरी संयुक्त रुपमा राखे। | दुवै संघ/संस्थाले बुझाउनु पर्ने बाँकी ऋण संयुक्त रुपमा ....नाममा स्थानान्तरण गरी बुझाउने लिनु पर्ने भए यसै कार्यविधि बमोजिम असुल उपर गर्ने। | |
| १६ | प्रदेश/जिल्ला/ विषयगत संघको प्रतिनिधि | .....बाट प्रतिनिधित्व गर्ने प्रद्श/जिल्ला/विषयगत संघको प्रतिनिधि .... एकीकृत संघ/संस्थाको तर्फबाट पनि निरन्तरता दिने र ...का केन्द्रिय प्रतिनिधिलाई भने फिर्ता गर्ने। | ..........केन्द्रिय प्रतिनिधि ...संयुक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने। | |
| १७ | कर्मचारी | दुवै संघ/संस्थाका कर्मचारीलाई यथावत कामकाजमा लगाउने। | ...... नियुक्त कर्मचारीहरू र .... नियुक्त कर्मचारीलाई एकीकृत रुपमा ....नै यथावत कामकाज लगाउने | |
| १८ | दर्ता.न र पान नं. | ......सहकारी संस्था लि.को दर्ता .... पान स्वीकार गर्ने र ..... पानलाई रद्द गर्ने। त्यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने। | .........सहकारी संस्थाको आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पा...... लाई प्रयोग गर्ने। | |
| १९ | नगदी र ढुकुटी (सेफ)बिमा गराई सञ्चालन गर्ने। | एकीकृत संघ/संस्थाको नगदी र ढुकुटीको बिमा गराई सञ्चालन गर्ने। | उपयुक्त बिमा कम्पनिसँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी वीमा गर्ने व्यवस्था मिलाउने। | |
| २० | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने। | " विवाद समाधान समितिमा"......र निम्न सदस्यहरूलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय सञ्चालक समितिले अनुमोदन गरेपछि लागू हुने निर्णय गर्ने।<br>क. संयोजक........ | |



मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | ख. सदस्य........<br>ग. सदस्य....... | |
| २१ | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | .......सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरू थपघट, परिमार्जन गरी समयानूकूल बनाउनु पर्ने भएकोले व्यापक अध्ययन परिमार्जन गर्न तीन सदस्यीग समितिलाई जिम्मा दिने। | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने ।<br>क. संयोजक........<br>ख. सदस्य........<br>ग. सदस्य....... | |
| २२ | परिमार्जित छाप | | एकीकरण पश्चातको | |

दस्तखत

.....................

.............संघ/संस्था लि./संस्थाको छाप

दस्तखत

.....................

.............संघ/संस्था लि.

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

अनुसूची-

(दफा १० सँग सम्बन्धित)

नियमावली को नियम २१को उपनियम(४)

एकीकरणको लागि निवेदनको ढाँचा

श्रीमान्.........

रजिष्ट्रारको कार्यलय,

बागमती प्रदेश।

विषयः- एकीकरण गर्न स्वीकृति पाँउ ।

महोदय,

बागमती प्रदेशको, सहकारी ऐन, २०७६ बमोजम सञ्चालन भई आएका तपसिल बमोजिमका संघ/संस्था एकीकरण/ विभाजन गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकीकरणको लागि तोकिएको आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं। अतः उपरोक्त संघ/संस्थाहरू एकीकरण गर्न स्वीकृतको लागि अनुरोध छ। साथै उक्त कार्यका लागि आवश्यक कागजात थान....यसै पत्र साथ संलग्न गरिएको छ।

भवदीय

| | |
|---|---|
| ................. | ................. |
| (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं. | टेलिफोन नं. |
| मोबाईल नं. | मोबाईल नं. |
| ईमेल ठेगानाः | ईमेल ठेगानाः |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

(दफा १० र ११ सँग सम्बन्धित)

एकीकरण सम्बन्धी मन्त्रालय/नियामक निकायले तयार गरेको फारम-निवेदन

<u>एकीकरण सम्बन्धी व्यवस्था</u>

<u>ऐनको दफा (६९) मा भएको एकीकरण सम्बन्धी व्यवस्था:</u>

*दफा ६९ (२): सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेको सदस्य संख्याको बहुमतबाट निर्णय भएको हुनुपर्ने,*

*दफा ६९ (३): एकीकरण शर्त र कार्यविधि समेत सहकारीले खुलाउनुपर्ने,*

<u>नियमावलीमा भएको एकीकरण सम्बन्धी व्यवस्था:</u>

*नियम १३: तदर्थ समिति गठन*

*नियम २० : सहकारी संस्थाको एकीकरण : ऐनको दफा (६९) बमोजिम देहायको शर्त पुरा भएको हुनुपर्ने,*

श्रीमान रजिष्ट्रारज्यू, मितिः

यसै अनुरुप सहकारी एकीकरण गर्ने कार्यको लागि संलग्न सबै कागजात, विवरण तथा ऐन/नियम बमोजिम विवरण पेश गरेका छौं।

<table>
<tr><th>क्र.स</th><th>व्यवस्था/ नियम</th><th>ऐन/नियम/कार्यविधिमा भएका व्यवस्था र परिपालना अवस्था</th><th>भए गरेको निर्णय एवम काम कारवाही (सहकारीले भर्ने)</th><th>विवरण</th><th>संलग्न भए/नभएको (खुल्ने कागजात क्रमसंख्या)</th><th>कैफियत (अन्य)</th></tr>
<tr><td>१</td><td>दफा ६९ (२)</td><td>एकीकरणका लागि कुल कायम रहेको बहुमत संख्याको निर्णय भए/नभएको (सदस्य संख्या, उपस्थित संख्या साथै बहुमत खुलाउनुपर्ने)</td><td><table>
<tr><td>संस्थाको नाम</td><td>कुल सदस्य संख्या</td><td>उपस्थित सदस्य संख्या</td><td>उपस्थित प्रतिशत</td></tr>
<tr><td>संस्था१</td><td></td><td></td><td></td></tr>
<tr><td>संस्था२</td><td></td><td></td><td></td></tr>
<tr><td>संस्था३</td><td></td><td></td><td></td></tr>
<tr><td>संस्था४</td><td></td><td></td><td></td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>संयुक्त साधारण सभामा कुल उपस्थित संख्या (संस्था १+२+३+४) (बहुमत)</td><td></td><td></td><td></td><td></td></tr>
</table>

मा. बिनु रायमाझी (पौड्येल)

मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | दफा ६९ (२) | एकीकरणका शर्त र कार्यविधि खुले/ नखुलेको (साधारण सभाले पास गरेको शर्त र कार्यविधि दुई प्रति संचालक समितिले हस्ताक्षर सहित प्रमाणित गरि पेश गर्नुपर्ने। | | | | |
| ३ | नियम (१३) | तदर्थ समिति (संचालक समिति तथा लेखा सुपरिवेक्षण समिति) गठन भए नभएको (हस्ताक्षर सहितको तीन पुस्ते विवरण, नागरिकताको विवरण र प्रमाणित प्रतिलिपि हस्ताक्षर सहित पेश गर्नुपर्ने, ठेगाना, ना.प्र. नं., सम्पर्क.नं, इमेल समेत। | | | | |
| | | नियमावलीको नियम (२०) बमोजिम शर्तहरू पुरा भए नभएको, अनिवार्य रुपमा तपशिलको अवस्था पुरा भएको हुनुपर्ने | | | | |
| | नियम (२०) | | | | | |
| | क. | कार्यक्षेत्र एक अर्कासँग खप्टिएको (दोहोरो) भएको हुनुपर्ने वा जोडिएको हुनुपर्ने (भए/नभएको) (सहकारीले कागजात पेश गर्नुपर्ने, सम्बन्धित सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिमको कार्यक्षेत्र खाउनुपर्ने ) | | | | |
| | ख. | एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने, फरक विषय वा प्रकृतिका भए : एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने | | | | |



मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

| | | | |
|---|---|---|---|
| | घ. | सदस्यको प्रत्यक्ष सहभागिता एवम लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने | |
| | | - सदस्य दोहोरिएको छ/छैन ? | |
| | | - दोहोरिएको संख्या | |
| | | - एकीकरण सम्बन्धी जानकारी दिए /नदिएको | |
| | | - सदस्यलाई सूचना दिएकोमाध्यम(सहकारीले कागजात पेश गर्नुपर्ने) | |
| | नियम (२०) को २ | साधारणतया एकीकरणका लागि मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह वा जिल्लाको क्षेत्रभित्र पर्नेगरी गर्नुपर्ने (अवस्था के हो सहकारीले खुलाउनुपर्ने) | |
| | | बि.स २०४९ अघि वा पछाडि दर्ता भएको | |
| | | महिला मात्र सदस्य भए/नभएको | |
| | संघहरूको हकमा | एकीकरण गर्दा विषयगत कार्य मिल्ने/नमिल्ने | |
| | नियमावली (२१) | एकीकरण सम्बन्धी अन्य व्यवस्था | |
| | १ (क) | कुन कुन संस्थाबीच एकीकरण हुने हो तत् तत् संस्थाको साधारण सभाबाट एकीकरण गर्ने निर्णय भएको हुनुपर्ने (सहकारीले कागजात पेश गर्नुपर्ने) | |

बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडा, नेपाल

..............

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | | |
|---|---|---|---|
| | ख | एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरूमध्ये कुन संस्थाको नाम राख्ने हो ? वा नँया नाम के राख्ने हो सोको नाम उल्लेख गर्ने | |
| | ग | संस्थाको कार्यालय रहने स्थान उल्लेख गर्ने (वडा नं, क्षेत्र) | |
| | घ | एकीकृत संस्थाको कार्यक्षेत्र कति रहने हो सोको एकिन गर्ने | |
| | ङ | कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा वा संशोधन गर्ने हो उल्लेख गर्नुपर्ने | |
| | च | शेयर पुँजीको रकम, विनियममा व्यवस्था भएका कोषहरूमा रहेको रकम एकीकृत संस्थामा के कति समावेश गर्ने र सोको उपयोग गर्ने तरिका उल्लेख गर्नुपर्ने | |
| | | कोषको व्यवस्था (ऐन/कार्यविधि)बमोजिम भए नभएको खुलाउने | |
| | | कोष उपयोग तरिका/योजना हुनुपर्ने— कार्ययोजना भए/नभएको, विवरण | |
| | छ | एकीकृत हुने संस्थाहरूको सम्पत्ति र दायित्व व्यवस्थापन सम्बन्धि विषय | |
| | | कुल सम्पत्तिको विवरण (सबैको छुट्टा छुट्टै लेख्नुपर्ने) | |



मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| | | चल सम्पत्तिको विवरण (सबै सहकारीको) | |
| | | अचल सम्पत्तिको विवरण(सबै सहकारीको) | |
| | | थप अन्य (सम्पत्ति भए खुलाउने) | |
| | | ऋण लगानी सम्बन्धी विवरण (सबै संस्थाको ) | |
| | | अन्य भए थप विवरण | |
| | | बचत मौज्दात रकम (अन्तिम दिनको वासलातको आधारमा सबै संस्थाको विवरण) | |
| | | सदस्य संख्या (सबै सहकारीको छुट्टाछुट्टै उल्लेख गर्नुपर्ने ) | |
| | | सबै भन्दा बढी बचत भएको बचतकर्ताको विवरण (नाम, नम्बर, ठेगाना) | |
| | | १० लाख भन्दा बढी रकम भएका बचतकर्ताको संख्या (सबै संस्थाको फरक फरक विवरण) | |
| | | संस्थाले प्रयोग गरेको सफ्टवेयरबाट आएको सबै संस्थाको अन्तिम दिनको कुल प्रमाणित विवरण (सबै विवरण पेश गर्नुपर्ने ) | |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | | |
|---|---|---|---|
| | | संस्थाको बैंक विवरण (सबै संस्थाको बैंक खाता नं., खाता रहरेको बैंकको नाम तथा ठेगाना) साथै हालसम्मको खाता रकम विवरण, अन्तिम दिन सम्मको बैंक Statement समेत पेश गर्नुपर्ने | |
| | २१(२) | संयुक्त साधारण सभाको निर्णयबाट पारित गर्नुपर्ने विषय : | |
| | क | संयुक्त साधारण सभाको मिति र बहुमत सदस्यको उपस्थित संख्या सहितको विवरण उल्लेख गर्ने | विवरण: |
| | ख | एकीकृत हुने संस्थाहरूको अघिल्लो दिनसम्मको वासलात पेश गरेको नगरेको (सबै विवरण —सबै संस्थागत फरक फरक पेश गर्ने साथै सहकारीले सारांश खुलाउने ) | सारांश: |
| | ग | एकीकरण सम्बन्धी कार्यका लागि अधिकार प्रत्यायोजन गरि प्रतिनिधि तोक्ने कार्य, विवरण पत्र संलग्न गर्नुपर्ने | अधिकार प्रत्यायोजन पत्र विवरण: |
| | घ | विवाद समाधान उपसमिति गठन गरे/नगरेको (समितिको नाम,नम्बर, ठेगाना उल्लेख गर्ने) | समितिको विवरण: |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ङ | एकीकृत संघ/संस्थाहरूको सम्पत्ति प्रचलित कानुन बमोजिम नामसारी गर्ने सम्बन्धि विषय प्रस्ट खुलाउन पर्ने<br>- सम्पत्ति विवरण<br>- कुन संस्थाको नाममा गर्ने<br>- अन्य विवरण | | | | |
| | च एकीकृत संघ/संस्थाहरूको ऋण | | | | | |
| | छुट्टै व्यवस्था गर्नुपर्ने विषय | लगानी | | | | |
| | | ऋण असुली | | | | |
| | | भुक्तानी | | | | |
| | | बचत तथा ऋणको व्याजदर | | | | |
| | | सदस्यताको क्रमसंख्या | | | | |
| | | शेयर प्रमाणपत्र लिनिदिने | | | | |
| | | कर्मचारी व्यवस्थापन | | | | |
| | | कारोबार व्यवस्थापन | | | | |
| १ | विविध (अन्य पेश गर्नुपर्ने विवरण तथा कागजातहरू ) | | | | | |
| क | एकीकरण हुने सबै संस्थाहरूको SOFTWARE को विवरण | | | | | |
| | सबै संस्थाको software विवरण पेश गर्नु पर्ने | | | | | |
| | - software नाम, ठेगाना ,सम्पर्क | | | | | |
| | - होस्ट कहाँ, कसले गरेको विवरण | | | | | |
| | - server backup कहाँ रहेको, सम्पर्क व्यक्तिको विवरण | | | | | |
| | - system admin र सहकारीले चलाउने प्रयोगकर्ताको विवरण (कर्मचारीको विवरण) | | | | | |
| | - दैनिक software चलाउने (operator/approver) को विवरण | | | | | |



मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

| | | |
|---|---|---|
| ख | निर्णय प्रमाणीकरण भए नभएको (संचालक समिति तथा संचालक समिति भन्दा एक जना बढी हुने गरी विशुद्ध शेयर सदस्यहरू मध्येबाट चयन भएका पदाधिकारीहरूको हस्ताक्षर) कागजात समेत | |
| ग | गस भन्दा अगाटी अध्यानधिक भए नभएको | |
| घ | बचतकर्ताबाट उजुरी प्राप्त भएको भए सोको संख्या र विवरण (पछि सम्म फरक नपर्ने) गरि खुलाउने | |
| ङ | नियम २१(४) बमोजिम अनुसूची -१२ संयुक्त निवेदन पेश गरे नगरेको, | |
| च | अनुसूची ११ बमोजिमको एकीकरणको शर्त /कार्यविधि सञ्चालक सबैले प्रमाणित गरि पेश गरे,नगरेको | |
| छ | वार्षिक साधारण सभाको निर्णयहरूको प्रमाणित प्रतिलिपि (सबै संस्थाको छुट्टा छुट्टै पेश गर्नुपर्ने ) | |
| ज | संयुक्त साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि पेश गरे/नगरेको | |
| झ | एकिकृत हुने संस्थाहरूको पछिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन साथै लेखा परीक्षक नियुक्ति गरेको पत्रको प्रतिलिपी (प्रमाणित प्रतिलिपि) | |
| २ | अधिकार प्रत्यायोजन पत्र संलग्न गरे नगरेको (पेश गर्नुपर्ने ) | |
| ३ | तदर्थ सचालक समिति र लेखा सुपरीवेक्षण समितिको नाम, थर, ठेगाना, इमेल विवरण सहितको तीनपुस्ते विवरण र नागरिकताको प्रमाणित प्रतिलिपि (फोटो सहित स्वयम् हस्ताक्षर सहित प्रमाणित) पेश गरे नगरेको | |

मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

बागमती ... सहकारी तथा गरिबी ... हेटौंडा, नेपाल

| | | |
|---|---|---|
| ४ | एकीकरण हुने संस्थाहरूको छुट्टा छुट्टै र संयुक्त वासलात (अघिल्लो दिन सम्मको) पेश गरे नगरेको | |
| ५ | एकीकरण हुने संस्थाहरूको बैंक विवरण लगायत अन्य विवरण पेश गरे नगरेको | |
| ६ | कार्यक्षेत्र (व्यवसाय दर्ता/ संचालन हुने ठाउँको सहमति आवश्यक भए सो समेत) विवरण ठेगाना | |
| ७ | एकीकरण हुने संस्थाहरूको सक्कल प्रमाण पत्र संलग्न गरे/नगरेको (सक्कल पेश गर्नुपर्ने ) | |
| ८ | साधारण सभा/ विशेष साधारण सभाबाट छुट्टा छुट्टै संस्थाहरूको एकीकरण गर्ने भन्ने विषय निर्णयमा उल्लेख भई पारित बहुमतले भएको हुनुपर्ने (सबै संस्थाको विवरण) | |
| ९ | सहकारी दर्ताको प्रमाण पत्रका आधारमा अन्य इजाजत लिई व्यवसाय संचालन गरेको भए सो को विवरण समेत पेश गर्नुपर्ने(इजाजतपत्रको प्रतिलिपि, दर्ता प्रमाणपत्रको प्रतिलिपि) | |
| १० | <u>(कार्यालय रहेको/दर्ता रहेको स्थानीय तहबाट ल्याउने विवरण)</u><br>क. हाल सम्म बचत रकम फिर्ता नपाएको सम्बन्धमा उजुरी निवेदन प्रास भएको/नभएको।<br>ख. संस्थाको दायित्व भुक्तान गर्ने आर्थिक अवस्था रहे नरहेको ।<br>ग. हाल सम्म संस्था अध्यावधिक भए नभएको।<br>घ. COPOMIS विवरण | |
| ११ | स्थानीय तहका फरक फरक सहकारी एकीकरण हुने भए सम्बन्धित पालिकाबाट संस्था अधावाधिक रहेको सिफारिस, संस्थाको वित्तीय अवस्था ठिक रहेको | |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

| | | |
|---|---|---|
| | सिफारिस र एकीकरणको लागि सहमति सिफारिस पेश गर्नुपर्ने। | |
| १२ | फरक फरक संस्थाको सम्पति विवरण व्यवस्थापन, बचत रकम फिर्ता र ऋण उठाउने तथा विवाद समाधान गर्ने अदाक्च्या, कोषाध्यक्ष, सचिव र व्यवस्थापक सहितको समितिको विवरण र कार्ययोजना संलग्न गरी पेश गरेको हुनुपर्ने | |
| १३ | तदर्थ समिति गठन भएपछि तोकिएको समयमा निर्वाचन हुने मिति | |
| १४ | कैफियत | माथि उल्लेखित बिषयहरुमा प्रमाण खुल्ने कागजात सहित पेश गर्नुपर्ने |

उल्लेखित सबै विवरणहरू कानून बमोजिम सत्य, यथार्थ र प्रमाणित छन्। यथार्थ विपरीत देखिएमा प्रचलित कानून बमोजिम हुने बेहोराको विषयमा कानुन बमोजिम सहुँला बुझाउँला।

हस्ताक्षर:

संचालक (तदर्थ समिति) सबै

१.
२.
३.
४.
५.

प्रमाणीकरण गर्ने

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री